जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
**गोलबजार नगरपालिका-६, सिरहा**
**फोन नं.: ०३३-५४०३५६**
**मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६**
**इमेल** : mgnd2070@gmail.com

बर्षः १२, अंकः २१६ पृष्ठः ४ | २०८२ पुस ०३ बिहीबार (Thursday 18 Dec. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहामा सशस्त्र प्रहरीको नवनिर्मित ब्यारेक भवनको उद्घाटन



सिरहा, २ पुस। यहाँको सिरहा नगरपालिका-१९ सन्हैठास्थित सशस्त्र प्रहरी बल नेपाल नं ७ गण सिरहाको परिसरभित्र नवनिर्मित दुई तले ब्यारेक भवनको उद्घाटन गरिएको छ। सशस्त्र प्रहरी बल मधेश प्रदेश प्रमुख सशस्त्र प्रहरी नायब महानिरीक्षक कृष्ण ढकालले एक समारोहबीच उक्त भवनको उद्घाटन गरेका हुन्। सो अवसरमा सशस्त्र प्रहरी ढकालले शान्ति र सुरक्षाप्रतिको जिम्मेवारीलाई आत्मसात् गर्दै राज्यको निर्देशन अक्षरशः पालन गर्न सुरक्षाकर्मीलाई निर्देशन दिए।

वर्तमान सुरक्षा अवस्था संवेदनशील रहेको उल्लेख गर्दै सशस्त्र प्रहरी नायब महानिरीक्षक ढकालले जेनजी आन्दोलनपछिको अवस्थामा सुरक्षाकर्मीको जिम्मेवारी थपिएको बताए। उनले शान्ति सुरक्षा कायम राख्दै आगामी निर्वाचनका लागि तयारीमा जुट्न पनि निर्देशन दिए। सीमा सुरक्षा मुख्य प्राथमिकता भएको भन्दै उहाँले अवैध आवतजावत, लागुऔषध, मानव तस्करी तथा चोरी तस्करी नियन्त्रणमा थप सक्रियता देखाउन आग्रह गरे। "राज्यका सबै सुरक्षा निकायले हातेमालो गरेर अघि बढ्नुपर्छ, जनताले तिरेको करबाट बनेको भवनको सदुपयोग गर्दै अझ जिम्मेवार भएर शान्ति सुरक्षा कायम राख्नुपर्छ," सशस्त्र प्रहरी नायब महानिरीक्षक ढकालले भने।

सशस्त्र प्रहरी उपरीक्षक नरेश भण्डारीका अनुसार ब्यारेक भवन दुई चरणमा निर्माण गरिएको हो। पहिलो चरणमा रु ६१ लाख ७७ हजार र दोस्रो चरणमा रु ५४ लाख ६ हजार लागतमा भवन निर्माण भएको हो। नवनिर्मित भवन आवासीय प्रयोजनका लागि प्रयोग गरिनेछ। यसैगरी, नवराजपुर गाउँपालिका-४ नवराजपुरमा सशस्त्र प्रहरी बलको बिओपी कार्यालयको पनि उद्राटन गरिएको छ। उक्त बिओपी कार्यालय रु ३९ लाख ७० हजार लागतमा निर्माण गरिएको सशस्त्र प्रहरी उपरीक्षक भण्डारीले जानकारी दिए।

कार्यक्रममा जिल्ला समन्वय समिति सिरहाका सभापति दिनेश महतोले नवनिर्मित संरचनाले सञ्चालनमा आएपछि सीमामा हुने सुरक्षात्मक गतिविधि अझ प्रभावकारी हुने विश्वास व्यक्त

**-बाँकी तीन पेजमा**

## मधेसका नवनियुक्त मन्त्री पटेलले गरे पदभार ग्रहण



जनकपुरधाम, २ पुस। मधेसका नवनियुक्त उद्योग वाणिज्य तथा पर्यटन मन्त्री कनिस पटेलले पदभार ग्रहण गरेका छन्। बुधबार बिहान पदभार ग्रहण गर्दै मन्त्री पटेलले मधेसका युवाहरूलाई प्रोत्साहन गर्ने खालको कार्यक्रम ल्याउनु आफ्नो पहिलो प्राथमिकता रहने बताएका छन्। जेनजी आन्दोलनको मर्म र भावनालाई बुझ्दै यो मन्त्रालयबाट युवाहरूले सुरु गर्न लागेको व्यवसायमा विशेष प्रकारको छुटको व्यवस्था गर्ने आफ्नो लक्ष्य रहेको उनले बताए। युवा उद्यमीहरूलाई पुरस्कृत गर्ने आफ्नो योजना समेत रहेको उनले बताए। यसका साथै संघ सरकारसँग समन्वय गरेर धार्मिक पर्यटनको विकासका लागि योजना अगाडि बढाइने उनले बताए।

मधेसको विकासका लागि उद्योग वाणिज्य तथा पर्यटन क्षेत्रको विकासका लागि चलिरहेका योजनाहरूलाई तीव्रताका साथ अगाडि बढाउने मन्त्री पटेलले बताए। उनले चलिरहेका

**-बाँकी तीन पेजमा**


## चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं ।

**जाडो तथा चिसोको समयमाः**

- मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखला, छाला सुख्खा हुने, जोर्नी दुखाई, पिनास, टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन्।
- बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन सक्छन्।
- चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाऔं।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाऔं।
- शारीरिक व्यायाम गरौं, धुम्रपान/मद्यपान नगरौं।
- घर तथा कोठा न्यानो बनाऔं।
- नियमित घाम ताप्ने गरौं।

**स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## खानेपानीको संकट झेल्दै चुरेफेदका मेनहर्वावासी



सिरहा, २ पुस। लहान नगरपालिका-१५ स्थित मेनहर्वा बस्तीका स्थानीय लामो समयदेखि खानेपानीको संकट झेल्दै आएका छन्। चुरेफेदको विकट क्षेत्र मानिने यस बस्तीमा भूमिगत पानीका स्रोत सुक्दै जाँदा स्थानीयलाई दैनिक जीवनयापनमै कठिनाइ भइरहेको छ। करिब ३५ दलित घरपरिवार रहेको यस बस्तीका बासिन्दा वार्षिक झण्डै छ महिना टाढाटाढाबाट घण्टौं लगाएर पानी बोक्न बाध्य छन्। स्थानीयका अनुसार बस्तीको खानेपानी समस्यालाई मध्यनजर गर्दै गाडिएको डिप बोरिङबाट करिब चार वर्षसम्म पानी आएको थियो। तर अघिल्लो वर्षदेखि उक्त बोरिङ पूर्ण रूपमा सुकिसकेको छ।

बस्तीका मोहन सदायले डिप बोरिङ सुक्दा आफूहरुको जीवन नै अस्तव्यस्त भएको बताउनुभयो। उहाँले भन्नुभयो, "अघिल्लो वर्षदेखि डिप बोरिङबाट पानी आउन छोड्यो। अहिले घण्टौं लगाएर बानो गाउँको खोलामा खनिएको कुवाबाट पानी बोकेर खानुपरेको छ। मानिस र वस्तुभाउ दुवैले त्यही पानी प्रयोग गर्दै आएका छौं।" विनिता सदायले विगत चार-पाँच वर्षदेखि चापाकलसमेत सुक्दा खानेपानीको समस्या झनै जटिल बन्दै गएको गुनासो गर्नुभयो। "पानी नभएकै कारण सरसफाइमा पनि समस्या छ। नुहाउन, कपडा धुन र खान सबैका लागि एउटै कुवाको पानी प्रयोग गर्नुपरेको छ," उहाँले भन्नुभयो।

आर्थिक रूपमा कमजोर र सुकुम्वासीले भरिएको यस दलित बस्तीमा आव २०७९/८० मा 'विपन्न परिवारका लागि सुरक्षित आवास कार्यक्रम' अन्तर्गत घर निर्माण गरिएको थियो। लहान नगरपालिकाबाट रु ४५ लाख ५१ हजार र हिल्टी फाउण्डेसनको सहयोगमा 'ह्याबिट्याट फर ह्युमानिटी' नेपालमार्फत रु ४४ लाखको लागतमा २२ वटा

**-बाँकी तीन पेजमा**





GUPTA BROTHER'S AUTO TRADE Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## खुला बनाऊ खुलामञ्च

शासकहरू लोकतन्त्रप्रति कति प्रतिबद्ध छन् भन्ने कसी काठमाडौंको टुँडिखेलस्थित खुलामञ्चको अवस्था पनि हो। सभाजुलुसका लागि सार्वजनिक सडक र पार्कहरू प्रयोग गरेर जनसाधारणको जनजीवन अस्तव्यस्त बनाउन सङ्कोच नगर्नेहरूले नै खुला मञ्चलाई पनि बन्दी बनाउँदै आएका छन्। कुनै बेला एसियाकै सबैभन्दा ठूलो 'कबाज मैदान' कहलिएको टुँडिखेल पञ्चायत कालमा खण्डित गरियो। टुँडिखेलको ठूलो भाग सेनाले लियो। तैपनि रत्न पार्क (शंखधर पार्क)सँगै जोडिएको दक्षिणतर्फको एउटा मैदान भने जनताका लागि खुला नै थियो।

सरकारका औपचारिक कार्यक्रमहरू सैनिक मञ्चमा आयोजना गरिन्थ्यो भने कतिपय कार्यक्रम रंगशालामा हुन्थे। खुला मञ्च भनिएको भाग जनसाधारणले भेटघाट, घुमघाम र गफगाफका लागि प्रयोग गर्थे। पञ्चायत कालमा सभा जुलुस बिरलै जो हुन्थे। पञ्चहरूले नै विपक्षीविरुद्ध खुलामञ्चबाट 'मृत्युको घण्ट' बजाएपछि यसको राजनीतिक आकर्षण बढ्यो। विशेषगरी जनमत संग्रहको घोषणापछि खुलामञ्च राजनीतिक प्रदर्शनको स्थल बन्यो र त्यहाँ पञ्चायत विरोधी भाषणहरू पनि हुन थाले। यस्तो खुलापन पञ्चायतका लागि असहज भएर हो कि खुलामञ्च साना व्यापारीहरूलाई ओगट्न दिइयो। पहिलो जनआन्दोलनताका खुलामञ्चको ठूलो भाग 'हङकङ बजार' बन्न पुगेको थियो। तैपनि, राजनीतिक भाषणका कार्यक्रम खुलामञ्चमै हुन्थे। धुलाम्मे र हिलाम्मे भएर पनि खुलामञ्च खुलै रह्यो। जनआन्दोलनपछि त खुलामञ्चको महत्त्व झन् बढ्यो। त्यसपछि व्यापारीलाई भृकुटीमण्डपमा सारेर खुलामञ्च पूरै खुला बनाइएको थियो। त्यति बेला कसैले पनि वर्षौंसम्म खुलामञ्च यसरी बन्द राखिने त सायद कल्पनासम्म गरेको थिएन होला।

दोस्रो जनआन्दोलनपछि बिस्तारै खुलामञ्चमाथि आँखा लगाउन थालियो। बाहिर 'झिल्के विकास'को सपना देखाएर भित्रभित्रै भ्रष्टाचारको तानाबाना बुन्नेहरूले पुरानो बस पार्कमा 'भव्य भवन' बनाउने भन्दै खुलामञ्चलाई अस्थायी बसपार्क बनाए। खुलामञ्चको साँच्चैको दुर्दिन सुरु भयो। यतिका वर्षमा त्यो भवन नबन्नु तर झन् झन् विवादास्पद बन्नुले पनि भ्रष्टाचारको योजनाकै संकेत गर्छ। विडम्बना, खुलामञ्चबाट व्यक्तित्व बनाएका नेताहरूले समेत यसलाई खोल्न र पुनर्जीवन दिन कहिल्यै आवाज उठाएको सुनिएन। लाग्थ्यो खुलामञ्च अब बिस्तारै दन्त्यकथा बन्न पुग्नेछ। तर, काठमाडौं महानगरपालिकामा नेतृत्व फेरिएपछि खुलामञ्चको पनि मर्मत सम्भार गरिएको छ। अहिले महानगरपालिकाले खुलामञ्चलाई खेलकुद, व्यायाम, र मनोरञ्जनका लागि खुला गर्ने तयारी गरेको बताइएको छ। तर यसको मूल विशेषता राजनीतिक सभाको परम्परालाई निरन्तरता दिने वा नदिनेबारे स्पष्ट गरिएको छैन। यद्यपि, खुलामञ्चको महत्त्व भने राजनीतिक सभाको थलो हुनुमा नै छ।

सार्वजनिक सभाका लागि खुलामञ्चजस्तो स्थान सबैजसो लोकतान्त्रिक मुलुकहरूमा हुन्छ। टुँडिखेल खुलामञ्चको पनि खास सौन्दर्य र परम्परा राजनीतिक अभिव्यक्तिको मञ्च हुनु नै हो। यसैले जनआवाज गुन्जिने यो ऐतिहासिक थलोलाई पुरानै अवस्थामा फर्काउनु नितान्त आवश्यक छ। अरू कुनै काममा प्रयोग गरिए पनि राजनीतिक सभा विशेषगरी सरकारको विरोधमा आवाज मुखरित गर्ने स्थलकै रूपमा खुलामञ्चको महत्त्व उजागर हुनेछ। अन्यथा, लोकतान्त्रिक आन्दोलनको एउटा महत्त्वपूर्ण साक्षीको इतिहास मेटेको ठहरिनेछ। यतिमात्र होइन शासकहरूको नागरिक चेतनाको टाट पल्टेको पनि पुष्टि हुनेछ। आशा र आग्रह गरौं खुलामञ्चलाई चिटिक्क पारेर संरक्षण गर्ने काठमाडौं महानगरपालिकाले यसको इतिहास र परम्परा पनि जोगाउने गरी छिटै सार्वजनिक उपयोगका लागि खुला गर्नेछ। अनि अरू सार्वजनिक स्थानमा सभा र धर्ना गरेर जनजीवन अस्तव्यस्त बनाउनेहरूलाई पनि उपयुक्त मञ्चसँगै नागरिक शिक्षा प्रदान गर्नेछ।

# नेकपा स्थापनादेखि झापा विद्रोहसम्म यसरी हर्ताकर्ता थिए भारतका कम्युनिस्ट नेताहरू

**विराट अनुपम**

२००६ सालमा नेपाल कम्युनिस्ट पार्टी स्थापना भएको कुरा धेरैलाई जानकारी छ। तर, भारतीय भूमिमा बनेको नेपालको पहिलो कम्युनिस्ट पार्टीका एक अगुवा भारतीय कम्युनिस्ट नेता भएको कमैलाई जानकारी छ। २०२८ सालबाट सुरु भएको झापा विद्रोहको नाममा भएको व्यक्तिहत्याको कुरामा झापाली जोडिएको कुरा सबैलाई थाहा छ। तर, त्यो गर्ने दुई हर्ताकर्ता भारतीय भएको त्यत्ति चर्चा हुँदैन। अरु त अरु सीपी मैनालीले नख्खु जेल तोडेको वामपन्थी वृत्तलाई अहिले पनि जानकारी छ। तर, जानकारी नभएको कुरा यो छ कि उनीसँगै जेलमा रहेका एक जेलमेट भारतीय कम्युनिस्ट थिए। नेपालको कम्युनिस्ट पार्टी स्थापनादेखि झापा विद्रोहको जगसम्म कसरी जोडिए भारतीय कम्युनिस्टहरू ? त्यसैको चर्चा गरौँ।

**मनमोहनदेखि पुष्पलालका मेन्टर भारतीय कम्युनिस्ट पार्टीका नेता**

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठ र नेपाल कम्युनिस्ट पार्टीका प्रथम निर्वाचित महासचिव मनमोहन अधिकारी दुवैका मेन्टर भारतीय कम्युनिस्ट नेता थिए। सन् १९३८ मा मनमोहन अधिकारी भारतको बनारस जिल्लाको कम्युनिस्ट पार्टीसँग जोडिएर काम गर्ने गरेका थिए। सन् १९४२ मा भएको अंग्रेजविरुद्धको 'भारत छोडो' आन्दोलनमा जोडिँदा अधिकारी ढेड वर्ष भारतको जेलमा बसेका थिए। भीम रावलले लेखेको पुस्तक 'कम्युनिस्ट मुभमेन्ट इन नेपालः ओरिजिन एन्ड डिभेलपमेन्ट'मा लेखिएअनुसार सन् २००३ मा भएको भारतको विराटनगर जुटमिलको आन्दोलनमा मनमोहन अधिकारी आउनुको कारण भारतीय कम्युनिस्ट पार्टीको 'निर्देशन' थियो।

२०४० असारमा नेपालपत्र नामक अखबारमा पुष्पलालले अधिकारीको मजदुर आन्दोलनमा जाने कुरा कम्युनिस्ट आन्दोलनकै काम भएको आफ्नो 'कम्युनिस्ट घोषणापत्रको नेपाली अनुवादबारे' शीर्षक लेखमा उल्लेख गरेका छन्। पुष्पलालको नेतृत्वमा गठन भएको नेपालको पहिलो कम्युनिस्ट पार्टीका मेन्टर भारतीय नेता नृपेन चक्रवर्ती थिए भने उनकै नेतृत्वमा बनेको पहिलो छ सदस्यीय केन्द्रीय कमिटीका एक जना पनि भारतीय कम्युनिस्ट नेता अयोध्या सिंह भएको संस्थापक सदस्य तुल्सीलाल अमात्यको पुस्तक 'संस्मरणका पानाहरू'मा उल्लेख गरिएको छ। 'नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहासः पहिलो भाग'मा प्राध्यापक डाक्टर सुरेन्द्र केसीले पनि सिंहबारेमा भनेका छन्, 'अयोध्यासिंह जो नेकपाको निर्माणकालमा यससँग निकै सम्बद्ध रहेका थिए।'

नेकपा पूर्वकोसी प्रान्तीय कमिटीको सम्मेलनमा प्रस्तुत गरिएको राजनीतिक प्रतिवेदनसमेत भारतीय कम्युनिस्ट पार्टी ( मार्क्सवादी)का नेता पी सुन्दरयाको सहयोगले बनाइएको भरतमोहन अधिकारीले आत्मकथा 'मेरो जीवनयात्राः केही सम्झनाहरू'मा लेखेका छन्।

**झापा विद्रोहका अगुवामा पनि भारतीय कम्युनिस्ट नेता**

उसो त नक्सलवादी नेता र काठमाडौंका नेपाली कम्युनिस्ट नेताको हिमचिम पुरानै हो। २०२५ सालमा नक्सलवादी नेता राम असारे बर्मा काठमाडौंका नेता निरञ्जन गोविन्द वैद्यकोमा बसेर केही पुस्तकहरू लेखेको 'झापा आन्दोलनदेखि एमालेको विभाजनसम्म' पुस्तकका लेखक बालचन्द्र मिश्रले उल्लेख गरेका छन्। झापासँग सीमा जोडिएको भारतको पश्चिम बंगलाका नक्सलवादी नेतासँग झापालीको हिमचिम हुने भइहाल्यो। तर, उनीहरूको हिमचिम वैचारिक मात्रै थिएन, व्यावहारिक पनि थियो। झापाको टाउको काट्ने अभियानका एक अगुवा नै चारु मजुमदार पक्षका नेता जोडिएर भएको थियो।

झापा विद्रोहको नेतृत्व गर्ने संस्था 'झापा जिल्ला कोअर्डिनेसन कमिटी'का सचिव राधाकृष्ण ( आरके) मैनालीले आफ्नो आत्मकथा 'नलेखिएको इतिहास'मा ९ वैशाख २०२८ को सवाल जोडेका छन्। त्यहाँ लेखेका छन्, 'वैशाख ९ गते बिहान झिसमिसेमै वीरेन राजवंशीको राजनीतिक अगुवाइ र खोका राजवंशीको सैनिक नेतृत्वमा विसु राजवंशी, राजेन राजवंशीलगायतको सात सदस्यीय झापा संघर्षको पहिलो गुरिल्ला स्क्वाड गठन भयो। त्यसका लागि वैशाख ९ गते बिहान नै किन छानिएको थियो भने त्यो दिन २२ अप्रिल अर्थात् लेनिन जयन्ती थियो।'

आरके मैनालीले उल्लेख गरेका राजेन नक्सलवादी आन्दोलनका एक अनुहार हुन्। झापा विद्रोहको पहिलो टाउको काटिएको घटनामा पनि दुई भारतीय कम्युनिस्ट राजेन राजवंशी र भोगेन राजवंशी जोडिएका छन्। २ जेठ २०२८ मा भएको कर्णबहादुर गौतमबाट भएको पहिलो व्यक्तिहत्यामै भारतीय राजेन र भोगेन जोडिएका थिए। यसबारेमा राजेनले '२०२८ झापा विद्रोह अन्तर्कथा'मा लेखक निरोज कट्टेलसँग भनेका छन्, 'त्यस एक्सनमा म, रामनाथ, मोहनचन्द्र, वीरेन, खोका, भोगेन र अरु दुई जना राजवंशी केटा संलग्न थियौँ।'

राजेन १० साउन २०३० मा झापाकै नकलबन्दाबाट पक्राउ परी जेलमा थिए। नेपालको जेलमा साढे तीन वर्षभन्दा बढी बसेपछि जेल तोडेर भागे राजेनहरू। १२ चैत २०३३ मा ललितपुरको नख्खु जेल तोडेर भागेको भन्दै सीपी मैनाली नायक कहलिए। तर, त्यो भाग्ने १५ जनामध्येमा एक अनुहार राजेन थिए। उनी कर्णबहादुर गौतमको हत्या अभियोगमा 'सर्वस्वसहित जन्मकैद' फैसला सुनाइएका थिए। ११ फागुन २०३३ बाट १२ चैत २०३३ सम्म पन्यु, छाताको डण्डा र अरु जेलका हतियारले सुरुङ खनिएको थियो। सुरुङ खन्नमा खरायो सहयोगी भएको राजेनले कट्टेललाई सुनाएका थिए। उनले ९ भदौ २०७३ मा कुराकानी हुँदा भनेका थिए, 'मासु खान भनेर झापालीहरूले जेलभित्रै खरायो पालेका थिए। जेल प्रशासनका कर्मचारीहरूले पनि खरायोको मासु खान पाउने हुँदा विरोध गरेका थिएनन्। खरायोको खोरबाट सुरुङ खन्ने निधो गरियो र खन्ने काम सुरु भयो।'

झापा किन आए त राजेन ? यसमा उनले भनेका छन्, 'विश्व सर्वहारा आन्दोलनको एउटा पाटोको रूपमा हामीले झापा आन्दोलनलाई बुझेका थियौँ। त्यही भएर सहयोग गर्न भनी हामी झापा आएका थियौँ।' राजेन र भोगेन मात्रै होइन, अर्का भारतीय कम्युनिस्ट नेता श्रीनारायण ठाकुर पनि नेपाली कम्युनिस्टलाई मलजल गर्न धनुषा आएर शिक्षण पेसामा थिए। त्यसबारेमा 'झापा आन्दोलनदेखि एमालेको विभाजनसम्म' पुस्तकका लेखक बालचन्द्र मिश्रले लेखेका छन्, 'श्रीनारायण ठाकुर भाकपा ( माले)का जिम्मेवार व्यक्ति थिए र नेपालको धनुषामा शिक्षण कार्य गरी उनले यहाँको पार्टी काममा पनि सहयोग पुऱ्याएका थिए।'

**राजेन र भोगेनलाई कमिटीमा राखेपछि 'भारतीय हस्तक्षेप' भन्दै दाहाल, अधिकारी र ओलीको आपत्ति**

भोगेन र राजेन भारतबाट झापा आएपछि उनीहरूलाई पनि झापा जिल्ला कोअर्डिनेसन कमिटीका सदस्यको रूपमा राखियो। यसमा केही सदस्यले आपत्ति जनाएका थिए। आपत्ति जनाउनेहरूमा रामनाथ खनाल, मोहनचन्द्र अधिकारी र केपी ओली भएको '२०२८ झापा विद्रोह अन्तर्कथा'मा लेखक निरोज कट्टेलले उल्लेख गरेका छन्।

कट्टेलले पुस्तकमा लेखेका छन्, 'केही सदस्यले सम्प्रभूता भएको देशमा भारतीय नागरिकलाई कमिटीमा राख्नु भनेको भारतीय हस्तक्षेप निम्त्याउनु हो भनेर व्याख्या गरे। उनीहरूलाई बोलाउने निर्णय कमिटीगत नभएकाले जिल्ला कमिटीमा आबद्ध सदस्यहरूमध्ये मोहनचन्द्र, रामनाथ, खड्गप्रसाद आदिले प्रश्न उठाएका थिए।' शिलापत्रबाट

# विद्यार्थी कम भएका क्याम्पसहरू एक आपसमा गाभ्न विश्वविद्यालयहरूलाई सरकारको निर्देशन

काठमाडौं, २ पुस। सरकारले विद्यार्थी कम भएका क्याम्पसहरू एक आपसमा गाभ्न विश्वविद्यालयहरूलाई निर्देशन दिएको छ। विश्वविद्यालय अनुदान आयोगले १ सय पनि विद्यार्थी नभएका देशभरका ५ सय ५ वटा क्याम्पस संकटमा परेको प्रतिवेदन दिएपछि शिक्षा मन्त्रालयले त्यस्ता क्याम्पस गाभ्न निर्देशन दिएको हो। संघीय कानुनअनुसार स्थापित १५ विश्वविद्यालयमध्ये १३ वटामा हाल ७ लाख विद्यार्थी अध्ययनरत छन्, जसको झन्डै ७८ प्रतिशत त्रिविमा मात्रै छन्।

विश्वविद्यालयहरूका १४ सय ३२ क्याम्पसमध्ये ५ सय ५ वटामा भने एकसय विद्यार्थी पनि छैनन्। विश्वविद्यालय अनुदान आयोगको हालैको प्रतिवेदनअनुसार त्रिविअन्तर्गतका १९ वटा आंगिक, १ सय ७८ वटा सामुदायिक र ३ सय ८ वटा निजी क्याम्पस विद्यार्थी कम भएका कारण बन्द हुने अवस्थामा पुगेका छन्। जन्मदरमा कमी, उच्चशिक्षा अध्ययनका लागि धेरै विद्यार्थी विदेशिनु र रोजगारीको अवसर नहुँदा क्याम्पसहरूमा विद्यार्थी अभाव हुँदै गएको आयोगको ठम्याइ छ। राजनीतिक दबाबमा विश्वविद्यालयहरूले जथाभावी क्याम्पसलाई सम्वन्धन दिँदा अहिलेको यो अवस्था आएको हो।

सरकारले मुलुकका लागि आवश्यक जनशक्ति र उत्पादनबीच तालमेल मिलाउन जनशक्ति प्रक्षेपण गरी न्यून विद्यार्थी संख्या र भौतिक दुरीका हिसाबले नजिक रहेका क्याम्पसहरूलाई आपसमा गाभ्ने नीति अवलम्बन गर्न शिक्षा मन्त्रालयले विश्वविद्यालयहरूलाई निर्देशन दिएको छ। मन्त्रालयले योजनाविहीन तवरले क्याम्पसलाई सम्वन्धन नदिनसमेत विश्वविद्यालयहरूलाई भनेको छ। उच्चशिक्षा अध्ययन गर्ने विद्यार्थी घट्दै गए पनि सरकारले नयाँ विश्वविद्यालय स्थापना गर्ने क्रम भने रोकिएको छैन। सरकारले अहिले पनि तीनवटा विश्वविद्यालयहरूको स्थापना प्रक्रिया अगाडि बढाइरहेको छ। सरकारले उच्चशिक्षाका लागि बर्सेनि १९ अर्व रूपैयाँभन्दा बढी लगानी गर्दै आएको छ, तर त्यसअनुसारको प्रतिफल भने आउन सकेको छैन भने अर्कोतर्फ अनुसन्धानात्मक शिक्षालाई पनि जोड दिन सकेको छैन।

उच्च शिक्षा रोजगार र उत्पादनसँग जोड्न नसक्नु मात्र होइन अन्तर्राष्ट्रिय आवश्यकता अनुसारका नयाँ विषय अध्ययन–अध्यापन गर्न नसक्दा पनि विद्यार्थीहरू विदेशिने गरेका छन्। त्यसैले विश्वविद्यालयहरूले राष्ट्रिय क्यालेन्डरअनुसार भर्ना, पठनपाठन, परीक्षा सञ्चालन तथा प्रकाशन नियमित गर्ने तथा पढ्दै–कमाउँदै नीति लिन सकेमा मात्र विद्यार्थी आकर्षित गर्न सकिन्छ कि ?

### *सिरहामा सशस्त्र ...*

गरे। उद्घाटन कार्यक्रममा औरही गाउँपालिका अध्यक्ष शिवजी यादव, सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलसहित जिल्लास्थित चारवटै सुरक्षा निकायका प्रमुखहरूको उपस्थिति रहेको थियो। सिरहाको भारतसँग जोडिएको ४६ किलोमिटर सिमानामा सशस्त्र प्रहरी बल नेपाल नं ७ गण अन्तर्गत दुई सीमा सुरक्षा गुल्म र पाँच बिओपी गरी सातवटा युनिट सिमानामा रहेका छन् भने पाँच सुरक्षा वेश र जिल्ला सदरमुकाम सुरक्षा वेश एउटा गरी जम्मा १३ वटा कार्यालय रहेका छन्।

# मालपोत कार्यालय लहानमा भू–सेवा सञ्चालनको नाममा मनपरी असुली, दररेट सार्वजनिक नगरी प्रमुख नै सक्रिय



**रोयाण्टर मण्डल**

सिरहा, २ पुस। मालपोत कार्यालय लहानमा भू–सेवा सञ्चालनको नाममा सेवाग्राहीसँग मनपरी रूपमा रकम असुली भइरहेको गम्भीर गुनासो सार्वजनिक भएको छ। कार्यालयले प्रदान गर्ने सेवाको कुनै पनि आधिकारिक दररेट सार्वजनिक नगरी भू–सेवा सञ्चालन गर्नेहरूद्वारा असुली हुने गरेको पाइएको हो। यस कार्यमा मालपोत कार्यालयका प्रमुख डमरु प्रासाद निरौला नै सक्रिय रहेको आरोप सेवाग्राहीहरूले लगाएका छन्।

सेवाग्राहीका अनुसार जग्गा नामसारी, रोक्का–फुकुवा, लिखत दर्ता, फिल्डबुक अद्यावधिक, नक्सा सुधार तथा तीन पुस्ते कायमजस्ता सामान्य कागजात अपलोडमा समेत मापदण्डबिना रकम माग्ने गरिएको छ। मागे जति रुपैयाँ नदिई कसैले काम नगर्ने सेन्डिकेट लगाएको छ। सेवाग्राहीहरु हैरान भएर रकम दिन मजबुर हुने गरिएको गुनासो छ। 'कुन सेवाका लागि कति शुल्क लाग्छ भन्ने जानकारी कार्यालयमा कतै टाँसिएको छैन,' एक सेवाग्राहीले भने, 'जति भन्यो त्यति नदिए काम अघि बढ्दैन।' सेवाग्राहीहरू छिटो काम गराउन बाध्य भएर अतिरिक्त रकम दिनुपर्ने अवस्था सिर्जना भएको उनीहरूको भनाइ छ।

भू–सेवा सञ्चालन गर्नेहरूले सेवाग्राहीसँग लिएको रकमको कुनै रसिद नदिने, आय–व्यय पारदर्शी नराख्ने गरेको आरोप छ। सेवाग्राहीका अनुसार असुली प्रक्रिया कार्यालय प्रमुखकै निर्देशन र संरक्षणमा भइरहेको दाबी गरिएको छ, जसले यसलाई व्यक्तिगत नभई संस्थागत भ्रष्टाचारको रूप दिएको उनीहरूको आरोप छ। ग्रामीण क्षेत्रबाट आएका सर्वसाधारण सबैभन्दा बढी मारमा परेको जनाइएको छ। कानुनी प्रक्रिया र नियम नबुझ्दा उनीहरू सजिलै असुलीको सिकार बन्ने गरेका छन्। यसैबीच जग्गा कारोबार गर्ने व्यापारीहरूको काम छिटो हुने तर सामान्य सेवाग्राहीको काम जानाजान ढिलाइ गरिने गरिएको गुनासो पनि बढ्दै गएको छ।

सरकारले तोकेको राजस्वबाहेक अतिरिक्त रूपमा असुलिएको रकमको कुनै अभिलेख नराखिँदा राज्यकोषमा समेत क्षति पुगिरहेको सरोकारवालाहरू बताउँछन्। यस विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा सम्बन्धित निकायले मालपोत कार्यालय लहानमा भइरहेको असुलीको गहिरो छानबिन गरी दोषीमाथि कडा कारबाही गर्नुपर्ने माग सेवाग्राही तथा अधिकारकर्मीहरूले गरेका छन्।

### मधेसका...

योजनाहरूलाई चालु आर्थिक वर्षमा सम्पन्न गर्नु समेत आफ्नो लक्ष्य हुने उनको भनाइ थियो। गत मङ्सिर २१ गते कृष्ण यादवले मधेसको मुख्यमन्त्री पदको शपथ लिँदा पटेल पनि विना विभागीय मन्त्रीको रूपमा शपथ ग्रहण गरेका थियो। तर मुख्यमन्त्री यादवले दोस्रो पटक मन्त्रिपरिषद् विस्तार गर्दा पटेललाई उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयको जिम्मेवारी दिइएको थियो।

# जनमतका मधेश प्रदेशका वरिष्ठ उपाध्यक्ष चौधरी जसपा प्रवेश

काठमाडौं, २ पुस। जनमत पार्टीका मधेश प्रदेशका वरिष्ठ उपाध्यक्ष भरत चौधरीले जनता समाजवादी पार्टी नेपाल प्रवेश गरेका छन्। बुधबार जसपा नेपालको केन्द्रीय कार्यालयमा अध्यक्ष उपेन्द्र यादवले सदस्यता प्रदान गरी उनलाई पार्टीमा स्वागत गरेका हुन्। पार्टी प्रवेशपछि बोल्दै चौधरीले मधेशका मुद्दा, अधिकार र पहिचानको संघर्षलाई संस्थागत रूपले अगाडि बढाउन जसपा नेपालमा जोडिएको बताए।

'मधेशी जनताको अधिकार, संघीयता र समावेशी लोकतन्त्रको संरक्षणका लागि जसपा नेपालसँगै अघि बढ्ने निर्णय गरेको हुँ,' उनले भने।


नेपाल सरकार
भूमि व्यवस्था, सरकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## मालपोत कार्यालय, लहान (सिरहा)

### हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

उपरोक्त सम्बन्धमा जि.सिरहा ग.वि.स. जमदह वडा न ६ हाल गोलबजार न.पा. ३ बस्ने पुलकित साह तेलीको नाममा तपसिलको जग्गाको सर्वे नापनक्सा भई फिल्डबुक तयार भएको र हाल उक्तजग्गा छुट दर्ता गर्न सम्म छुट भएकोले सो छुटजग्गा जि. सिरहा ग.वि.स. जमदह वडा न ६ हाल गोलबजार न.पा.३ बस्ने लडुवती तेलीन... १, मनिक लाल साह तेली...१, जगदिश साह ....१ र सोनी कुमारी साह समेत ४ जना देवर भाउजु भाई बुहारी समेत ४ जनाले छुट जग्गा दर्ता गरी नामसारी गरी पाँउ भनी माग भएको यस कार्यालयको द न ४१२२, मिन ५ मिति २०८२।८।१२ माग निबेदन बमेजिम कोही कसैको हक मेटिने भए वा कोही कसैको जोतभोग, हकभेग र स्वामित्वमा फरक असर पर्ने भए अथवा कुनै किसिमको सरकारी, सार्वजनिक, ऐलानी, पर्ति, वा अन्य व्यक्ति विशेषको जग्गालाई फरक असर पर्ने भए साथै निवेदकको माग बमोजिम जग्गा दर्ता गर्नु नपर्ने कुनै सार्थक कारण भए यो सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र स–प्रमाण सहित यस कार्यालयमा हकदावी वा उजुर वाजुर गर्न आउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। म्याद भित्र हकदावी उजुरी नपरेमा कानुन बमिजीम भइ जाने व्यहोरा अनुरोध छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | किसानको महल |
|---|---|---|---|---|---|
| सिरहा | लालपुर | ६क | ७० | ०–४–० | पुलकीत साहु तेली पं. जमदह वाड नं. ६ बाबु पंची साह तेली |


# वित्तीय सचेतना अभिवृद्धि गर्न विद्यालयमा शैक्षिक हाट बजार

**अजय शाह**

महोत्तरी, २ पुस। धनुषाको बटेश्वरस्थित श्री राष्ट्रिय आधारभूत विद्यालय खोरिया सीतापुरमा वित्तीय सचेतना अभिवृद्धि गर्ने उद्देश्यले शैक्षिक हाटबजारको आयोजना गरिएको छ। सामाजिक संस्था सोसल ल्याबको आयोजना र एभरेष्ट बैंकको आर्थिक सहयोगमा बालबालिकाका लागि वित्तीय प्रोत्साहन मोडलको रुपमा विद्यालयमा मंगलवार शैक्षिक हाटबजारको आयोजना गरिएको हो।

विद्यालयमा विद्यार्थीहरुको नियमित उपस्थिति, सरसफाई, गृहकार्यलगायत अनुशासनमा बसेको आधारमा कक्षा शिक्षकले दैनिक अधिकतम ३ प्वाइन्ट दिने गरेको छ। एक प्वाइन्ट बराबर ५ रुपियाको टोकन मनि सोसल ल्याबले विद्यार्थीलाई उपलब्ध गराएको छ। महिनाको अन्तिममा विद्यालयमा शैक्षिक हाट बजार लागेको दिन विद्यार्थीहरुले महिनाभरिमा पाएको सम्पूर्ण प्वाइन्ट बराबरको पाउने रकमको टोकन मनिले विद्यार्थीले आफनो इच्छा अनुसारको शैक्षिक र खेलकुद सामग्री खरिद गरेको विद्यालयका शिक्षक दिपेन्द्र सिंहले बताउनुभयो।

विद्यालयमा अध्ययनरत कक्षा ३ देखि कक्षा ८ सम्मका करिव दुई सय ३० विद्यार्थीले शैक्षिक हाटबजारबाट प्रत्यक्ष लाभ लिएका छन्। विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा बाल्यकालदेखि नै वित्तीय सचेतना अभिवृद्धि गर्न तथा स्वस्थ्य आर्थिक बानीहरुको विकास गर्न हामीले बालबालिकाका लागि वित्तीय प्रोत्साहन मोडल कार्यक्रमको आयोजना गरेको सोसल ल्याबका कार्यकारी निर्देशक अजित भट्टले बताउनुभयो।

विद्यालयमा लागू गरिएको यस परियोजनाको मोडेलले बालबालिकालाई पैसाको मूल्यप्रति सचेत बनाउनुका साथै पुरस्कार प्रणाली मार्फत सकारात्मक व्यवहारलाई प्रोत्साहन गर्ने र नियमित विद्यालय आउने, पठन संस्कृतिको विकासमा योगदान पुर्याउने मुख्य उद्देश्य रहेको सोसल ल्याव संस्थाका वरिष्ठ कार्यक्रम संयोजक नामगेल घलेले बताउनुभयो। शैक्षिक हाटबजार अवलोकन गरेका एभरेष्ट बैंकका कर्मचारी सरोज चौलागाईले बैंकको सहकार्यमा आयोजना गरिएको शैक्षिक हाटबजार प्रत्यक्ष रुपमा हेर्दा आफुलाई धेरै नै खुशी लागेको बताउनुभयो। उहाँले भन्नुभयो, "विद्यार्थीहरुले बैंकले प्रदान गरेको टोकन मनि लिएर आफुले पाएको पैसाले आफनो इच्छा अनुसारको समान किन्ने र बाँकी रकम बैंकमा मौज्दातको रुपमा जम्मा गरेकोले बालबालिकालाई बचतको अभ्यास समेत सिकाएको छ।"

विद्यालयमा आयोजित शैक्षिक हाट बजारमा विद्यार्थीहरु उत्साह र उमंग देख्दा आफु पनि निकै उत्साही बनेको र विद्यार्थीहरु खर्च र बचत लगायत समान किन्ने, रकम लेनदेन गर्ने अभ्यास लगायतको अवधारणाको विकास गर्ने एभरेष्ट बैंक धनुषाधामका कर्मचारी आदित्य भाले बताउनुभयो। बटेश्वर युवा संजालका संयोजक सरोजक कुमार महतोले विद्यालयमा यस प्रकारको शैक्षिक हाटबजारले विद्यार्थीहरुको चौतर्फी विकासमा सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले यस्ता कार्यक्रमहरुमा स्थानीय सरकारले अपनत्व ग्रहण गर्नुको साथै लगानी गर्न जरुरी रहेको बताउनुभयो।

मधेश प्रदेशमा पहिलो पटक बटेश्वर गाउँपालिका र क्षीरेश्वरनाथ नगरपालिकाको एक एक विद्यालयमा यो परियोजना लागू गरिएको छ। सोसल ल्याव संस्थाले यस अघि बागमति प्रदेशको ८ वटा विद्यालयमा यो परियोजना सफलतापूर्वक सम्पन्न गरिसकेको छ। विद्यालयमा यो परियोजना लागू भएपछि विद्यार्थीहरुको उपस्थिति दर, गृहकार्य, अनुशासन, सरसफाईलगायत विद्यार्थीहरुको बानी व्यवहारमा परिवर्तनको आभास छाएको विद्यालयका प्रधानाध्यापक राजनारायण मण्डलले बताउनुभयो।

### खानेपानीको संकट ...

जस्तापाताका घर निर्माण गरिएका थिए। "घर त बन्यो, तर खानेपानीको व्यवस्था भएन", ७० वर्षीया जलेश्वरी सदायले दुःखेसो पोख्नुभयो। वडाध्यक्ष तेजनारायण चौधरीले मेनहर्वावासीको खानेपानी समस्या समाधानका लागि नगरपालिकामा पहल भइरहेको जानकारी दिनुभयो। जलवायु परिवर्तनको असरका कारण चुरे क्षेत्रका कुँवा, इनार र खोलाहरू सुक्दै गएकाले यो समस्या स्थानीय तह मात्र नभएर राष्ट्रिय चुनौती बन्दै गएको उहाँको भनाइ छ।

पछिल्लो समय चुरे क्षेत्रमा पानीको सतह गहिरिँदै जाँदा ठूला डिप बोरिङसमेत असफल भइरहेकाले यसको विकल्पबारे योजना बनाउनुपर्ने विज्ञहरू बताउँछन्। वातावरणविद् दिनेश यादव भन्नुहुन्छ, "डिप बोरिङ खानेपानी समस्याको दीर्घकालीन समाधान होइन भन्ने कुरा विभिन्न ठाउँका अभ्यासले प्रमाणित गरिसकेको छ। त्यसैले चुरे संरक्षणसँगै वन व्यवस्थापन, जलाधार संरक्षण र नदी कटान नियन्त्रणका लागि तीनै तहका सरकारले एकीकृत योजना बनाएर कार्यान्वयन गर्नुको विकल्प छैन।"

# मधेस प्रदेशमा सभामुख चयन प्रक्रिया अघि बढ्यो, ६ गते निर्वाचन




जनकपुरधाम, २ पुस। मधेस प्रदेशमा लामो समयदेखि रिक्त रहेको सभामुख पदका लागि पुस ६ गते निर्वाचन हुने भएको छ। पुस ६ गते बस्ने प्रदेशसभा बैठकमार्फत निर्वाचन प्रक्रियाबाट सभामुख चयन गरिने उपसभामुख बबिता राउतले जानकारी दिएकी छन्। उनका अनुसार सभामुख चयनका लागि आवश्यक निर्वाचनसम्बन्धी प्रक्रिया सूचना प्रकाशित गरी सार्वजनिक गर्न प्रदेशसभा सचिवालयलाई निर्देशन दिइएको छ।

यसअघि बुधबार नै सभामुख चयन प्रक्रिया अघि बढाइने भनिए पनि नेकपा (एमाले) को ११ औँ महाधिवेशनका कारण प्रक्रिया स्थगित गरिएको थियो। एमालेका प्रदेशसभा सदस्यहरू महाधिवेशनमा व्यस्त रहेकाले सभामुख चयन प्रक्रिया केही समयका लागि पछाडि धकेलिएको प्रदेशसभा सचिवालयले जनाएको छ। अब पुस ६ गतेको बैठकबाट मधेस प्रदेशसभाले नयाँ सभामुख पाउने अपेक्षा गरिएको छ।

# खेतको आलीमा पुरुषको शव फेला

विनय कर्ण

सप्तरी, २ पुस। सप्तरीको सप्तकोशी नगरपालिकामा एक जना पुरुष मृत फेला परेको छ। नगरपालिकाको वडा नम्बर १ फत्तेपुर घर भएका ५० वर्षीय रविराज नेपाली मृत अवस्थामा फेला पर्नु भएको हो। उहाँ मंगलबार बिहान ११ बजे आफ्नो घरदेखि २ किलोमिटर रहेको खेतमा काम गर्न जान्छु भनेर उहाँ निस्कनु भएको थियो। बेलुकासम्म घर फर्की नआउँदा खोजतलासको क्रममा स्थानीय भिम खतिवडाको वडा नम्बर २ टेङ्ग्रास्थित रहेको खेतको आलीमा मंगलबार साँझ ५:३० बजेतिर रविराज मृत अवस्थामा भेटिएको इलाका प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिनुभयो। उहाँले आवश्यक कानुनी प्रक्रिया पूरा गरी घटनाबारे थप अनुसन्धान भइरहेको बताउनुभयो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# पाँच महिनामा ९६ अर्ब ३८ करोड राजस्व संकलन

पर्सा, २ पुस। वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको पाँच महिनामा रु ९६ अर्ब ३८ करोड राजस्व संकलन गरेको छ। कार्यालयले गत आवको पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने रु १२ अर्ब एक करोडअर्थात् १४ प्रतिशत बढी राजस्व संकलन गरेको हो। जबकी कार्यालयले गत आवको पाँच महिनामा भने रु ८४ अर्ब ३७ करोड राजस्व संकलन गरेको थियो। वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवको पाँच महिनामा राजस्व संकलन उत्साहजनक रहेको बताए। "कार्यालयले मङ्सिर महिनामा रु २१ अर्ब ३३ करोड राजस्व संकलन गर्ने लक्ष्य राखेको थियो। तर, कार्यालयले सो महिनामा मात्रै लक्ष्यको ९८ प्रतिशतअर्थात् रु २० अर्ब ८० करोड राजस्व संकलन गरेको छ।"

प्रमुख भन्सार प्रशासक ज्ञवालीले चालु आवको पाँच महिनामध्ये सबैभन्दा धेरै राजस्व पनि मङ्सिर महिनामा संकलन भएको बताए। साउनमा रु १८ अर्ब ४४ करोड, भदौमा रु २० अर्ब ७३ करोड, असोज महिनामा रु १९ अर्ब नौ करोड राजस्व संकलन भएको थियो। त्यस्तै कात्तिक महिनामा रु १७ अर्ब ३३ करोड र मङ्सिर महिनामा भने रु २० अर्ब ८० करोड राजस्व संकलन भएको छ। भन्सार विभागले वीरगञ्ज भन्सार कार्यालयालाई वर्षभरिमा रु दुई खर्ब ७३ अर्ब ३९ करोड राजस्व संकलन गर्ने लक्ष्य दिएको छ। हालसम्मको पाँच महिनामा वार्षिक लक्ष्यको ८७ प्रतिशत राजस्व संकलन भएको छ।

# संरक्षणको पर्खाइमा सिरहाको नागाबाबा ताल तथा मन्दिर

रामनारायण ठाकुर


मिर्चैया, २ पुस। सिरहा जिल्लाको कर्जन्हा नगरपालिका १० मा अवस्थित नागाबाबा ताल तथा नागाबाबा स्थान मन्दिर धार्मिक आस्था र प्राकृतिक सौन्दर्यको अनुपम संगमका रूपमा परिचित बन्दै गएको छ। चुरे पहाडको फेदीमा अवस्थित यो स्थल पछिल्ला वर्षहरूमा आन्तरिक पर्यटक तथा श्रद्धालुको आकर्षणको केन्द्र बन्दै गएको हो। प्रयागपुर चोकदेखि पश्चिम र मन्हार्वा चोकदेखि पूर्वतर्फ पर्ने यो क्षेत्र पूर्व–पश्चिम महेन्द्र राजमार्गबाट करिब तीन किलोमिटर उत्तरमा अवस्थित छ। चारैतिर हरियाली वनजंगलले घेरिएको नागाबाबा ताल शान्त, स्वच्छ र रमणीय वातावरणका कारण जो–कोहीलाई आकर्षित गर्ने खालको छ।



तालसँगै रहेको नागाबाबा स्थान मन्दिरमा पुरानो इनारसमेत रहेको छ, जसलाई स्थानीयले धार्मिक दृष्टिले महत्वपूर्ण मान्दै आएका छन्। स्थानीय जनविश्वास अनुसार यहाँ श्रद्धापूर्वक पूजा–अर्चना गरे मनोकामना पूरा हुने विश्वास रहिआएको छ। यस कारण विशेष पर्व र अवसरमा टाढा–टाढाबाट समेत भक्तजनहरू आउने गरेका छन्। स्थानीय रामबाबु साहले स्थानीय सरकारले यसको विकास र संरक्षणको लागि ध्यान दिनुपर्ने बताए। उनले भने, 'यो पौराणिक धार्मिक तथा पर्यटकीय स्थलको संरक्षण र विकासको लागि सबै तह तप्काको सहयोग आवश्यक छ।'

नागाबाबा ताल तथा मन्दिरको उचित संरक्षण, पूर्वाधार विकास र प्रभावकारी प्रचार–प्रसार गर्न सकिए यस क्षेत्रलाई धार्मिक तथा आन्तरिक पर्यटनको महत्वपूर्ण केन्द्रका रूपमा विकास गर्न सकिने सम्भावना छ। विशेषगरी सडकको सुधार, खानेपानी, सरसफाइ र विश्रामस्थलको व्यवस्था भएमा पर्यटकको संख्या अझै वृद्धि हुने उनीहरूको भनाइ छ। वडा अध्यक्ष सागिर मियाँले आफ्नो तर्फबाट सकेको जति सहयोग गरिरहेको बताए। उनले भने, 'यो निकै पौराणीक महत्वको ताल तथा स्थान हुन्। हामीले यसको पूर्वाकार विकासमा लगानी गर्नु पर्ने हुन्छ मैले वडाको तर्फबाट बाटो मर्मतको काम गरेको छु त्यो प्रयाप्त छैन।'

उनले वडाले यसको सम्पूर्ण विकासमा योगदान गर्न सम्भव नरहेको भन्दै यसकोलागि माथिल्लो निकायले ध्यान दिनुपर्नेमा जोड दिए। प्राकृतिक सौन्दर्य, धार्मिक आस्था र शान्त वातावरणको त्रिवेणी बनेको नागाबाबा ताल तथा मन्दिर हाल संरक्षण र प्रवर्द्धनको पर्खाइमा रहेको स्थानीयहरू बताउँछन्। सम्बन्धित निकायको ध्यान पुगेमा यो स्थल सिरहाको पहिचान बनाउने महत्वपूर्ण गन्तव्यका रूपमा स्थापित हुन सक्ने अपेक्षा गरिएको छ।




बरियारपट्टी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरियारपट्टी, सिरहा
मधेश प्रदेश, नेपाल




विष्णुपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुर, सिरहा
मधेश प्रदेश, नेपाल




नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, नेपाल

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)